"जलस्रोत, पर्यटन र जडिबुटीले सम्पुन्नतविगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०८१/८२
चलानी नं./Dispatch No:-

मिति/Date:२०८१/११/२६

## सुन्तलाजात पकेट विकास कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

(सूचना प्रकाशित मिति : २०८१/११/२६ गते)

विगु गाउँपालिकाको आ. व. २०८१/८२ को वार्षिक स्वीकृत संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फको **आ.व. २०८१/८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम** सञ्चालनार्थ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ (पहिलो संशोधन, २०८१)** अनुसार कार्यक्रम सञ्चालन गर्न यस गा.पा. अन्तर्गतका सुन्तलाजात फलफूल खेती गर्न इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले तपसिलका आवश्यक कागजातसहित सूचना प्रकाशित भएको मितिले **३० दिन (मिति २०८१/१२/२६ गते) कार्यालय समयभित्र** यस कार्यालयको कृषि शाखामा रितपूर्वक निवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिन्छ। थप जानकारीको लागि ९८४८७५८१२२ वा ९८६१०५९५२५ वा कृषि शाखामा सम्पर्क गर्नहुन अनुरोध छ ।

तपसिल :

१. निवेदन
२. प्रस्ताव पत्र
३. आवेदकको नागरिकताको प्रतिलिपि
४. सम्बन्धित वडाको सिफारिस पत्र
५. सुन्तलाजात फलफूल खेती गर्ने जग्गाको लालपूर्जा प्रतिलिपि (कम्तिमा ५ हेक्टर क्षेत्रफल)
६. समूह/सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि,
७. समूह/सहकारी/निजि फर्मको हकमा संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र गत आ.व.को लेखापरिक्षण प्रतिवेदन
८. प्रतिबद्धता पत्र
९. स्वघोषणा पत्र

............................
रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

# प्रतिबद्धता-पत्र

यस विगु गाउँपालिका, दोलखाको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रमअनुसार मिति ...................................को प्रकाशित सूचनाअनुसार .......................................................... कार्यकममा सहभागिताको लागि ईच्छुक भएकाले आवश्यक कागजातसहित निवेदन पेश गरेको छु। उक्त कार्यकममा कार्यालयको नियमानुसार, सम्झौता पत्र र लागत इष्टिमेट अनुसारको क्रियाकलापहरु गर्ने प्रयोजनमा प्राप्त अनुदान रकम स्वबृद्धि हुने गरि पारदर्शी तरिकाले सञ्चालन गर्नेछु/छौ र सम्झौता अनुसारको कार्य नगरेमा वा अनुदान रकम दुरुपयोग गरेमा प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। अन्यथा प्रचलित कानुन बमोजिम सँहुला बुझाँउला।

**आवेदकको तर्फवाटः**

नाम थर :

पद :

संस्थाको नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :

दाँया बाँया

फर्म/समूहको छाप :

# स्व-घोषणा पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
विगु गाउँपालिकाको कार्यालय,
लादुक, दोलखा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको आ.व. २०८१/८२ को मिति ..................... ..का दिन प्रकाशित सूचनाअनुसार..........................................स्थित............................................... ले............. ........... .......... ............................कार्यक्रममा प्रस्ताव पेश गर्दा तपसिलका बुदाँहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौ । यदि यस स्व-घोषणामा केही झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौ ।

**तपसिल :**

१. विगु गाउँपालिका र अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि विगत ३ वर्षमा कुनै प्रकारको प्रोत्साहन वा सुविधा लिएको छैन ।

२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै प्रतिकुल असर गर्ने छैन ।

३. कुनै पनि वित्तीय संस्था वा सरकारी कार्यालयको कालो सूचीमा परेको छैन ।

**आवेदकको तर्फवाटः**

नाम :

पद :

सस्थाको नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :

छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |